# इलाम नगरपालिका, नगर कार्यपालिकाको कार्यालय
## इलाम

इलाम जिल्लामा गरिवी निवरणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA) संचालन गर्नका लागि व्यवसाय विकास सेवा प्रदायक संस्थाहरु छनोटका लागि तयार गरिएको आर्थिक तथा प्राविधिक कार्य क्षेत्रगत शर्त Terms of Reference (TOR)

**१) व्यवसाय विकास सेवा प्रदायक संस्थाले गर्नुपर्ने कामको पृष्ठभुमि :**

नेपाल सरकार र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) को आर्थिक तथा प्राविधिक सहयोगमा सन् १९९८ देखि लागु भएको लघु उद्यम विकास कार्यक्रमलाई नेपाल सरकारले आन्तरिकीकरण गरी गरिवी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम (MEDPA) को रुपमा विस्तार गरी संचालन गर्दै आएकोमा गत आ.व. २०७६/७७ देखि यस इलाम नगरपालिका अर्न्तगत रहेको उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय ले तोकेको लक्ष, कार्यक्रम र वजेटको आधारमा स्थानिय तह बाट वडा छनौट गरी यो कार्यक्रम संचालन हुनेछ। सेवा प्रदायक संस्था छनौट गर्नका लागि यो कार्यक्षेत्रगत शर्त (TOR) तयार गरीएको छ।

चालु आ.व. २०७९/८० मा गरिवी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम (MEDPA) संचालनका लागी उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय अर्न्तगत इलाम नगरपालिका नगर कार्यापालिकाको कार्यलय इलामबाट प्राविधिक र आर्थिक प्रस्ताव माग गरी प्राप्त प्रस्तावहरुमध्ये बाट योग्यता क्रमका आधारमा सर्वोत्कृष्ट सेवा प्रदायक संस्था छनौट गरी सो संस्थासंग कार्यक्रम संचालनको लागि सम्झौता गरिने छ।

**नोट :**

१) प्राविधिक र आर्थिक प्रस्ताव माग गरी प्राप्तहरु मध्ये बाट योग्यता क्रमका आधामा सर्बोत्कृष्ट सेवा प्रदायक संस्था छनौट गरी सो संस्था संग कार्यक्रम संचालनको लागी सम्झौता गरिने छ।

२) सम्झौता अवधीभर गर्नु पर्ने उद्यमी सिर्जना तथा स्तरोन्नतीको लागि आवश्यक एडभान्स तालिम तथा सिप विकास तालिम सम्बन्धी क्रियाकलापको विस्तृत विवरण।

३) आर्थिक तथा प्राविधिक प्रस्तव माग गर्दा नगर उद्यम विकास समिती को लक्ष्य तथा बजेट अनुसारको हुनेगरी माग गरीने छ।

४) व्यसाय विकास सेवा प्रदायक संस्थाले नगरपालिकाका लागि प्राप्त लक्ष्य तथा बजेटको आधारमा आर्थिक तथा प्रविधिक प्रस्ताव पेश गर्नु पर्दछ।

५) प्राप्त आर्थिक तथा प्राविधिक प्रस्तावहरु मध्येबाट योग्यता क्रमको आधारमा क्रमश पहिलो र दोस्रो प्राथमिकता भएका व्यवसाय विकास सेवा प्रदायक संस्थाहरु छनौट गरीने छ।

**२) गरिवी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम (MEDPA) को उद्देश्य :**

अति विपन्न वर्ग गरिवीको रेखामुनी रहेका महिला, दलित, आदिबासी जनजाती, मदेशी वा आर्थिक, सामाजिक र सांस्कृतिक दृष्टीले पछाडी परेका वर्ग न्यून आय भएका वर्ग र नेपाल सरकारले लक्षीत वर्ग भनि तोकेका जनसमुदायहरुलाई उद्यमशिलता विकास तालिमको माध्यम बाट उद्यमी सिर्जना गरी स्वरोजगारी एव् रोजगारीका अवसरहरु प्रदान गरी उनिहरुको आय स्तरमा सुधार गरी गरिवी निवरणमा सहयोग पुऱ्याउनु यो कार्यक्रमको मुख्य उद्धेश्य रहेको छ।

**३) कार्यक्रम लागु हुने क्षेत्र तथा लक्ष्य :**

यो कार्यक्रम कोशी अर्न्तगत इलाम जिल्लाको इलाम नगरपालिका मा लागु हुनेछ। यस जिल्ला इलाम नगरपालिका नगर कार्यपालिका को कार्यलय, उद्यम विकास समिती को समन्वयमा लघु उद्यम विकासका लागि उपलब्ध स्रोत, बजार र लक्षित वर्गको आधारमा नगर उद्यम विकास समिती को निर्णय अनुसार कार्यक्रम सञ्चालन गर्नेगरी कार्यक्षेत्र निर्धारण गर्नेछ। यसरी निर्धारण गरीएका स्थानिय तहमा लघु उद्यम विकासका लागी यो स्थानिय तह बाट छुट्टाएको स्रोत र निर्धारण गरेका लक्षलाई समेत समावेश गर्न सकिने छ। स्थानिय तहको लक्ष्य संख्या नगर उद्यम विकास समितिको बैठकको निर्णय अनुसार हुनेछ। जसलाई तल उल्लेख गरिएको छ।

(क) प्राविधिक सिप बिकास तालिम रु ९,२८,२००/००

(ग) उद्यमिहरुको स्तरोन्नती रु ४,८०,०००/००

इलाम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इलाम जिल्ला, कोशी प्रदेश, नेपाल
२०७२

४) **छनौट भएका संस्थाले गर्नुपर्ने कार्यहरु :**

४.१) **नयाँ उद्यमी सृर्जना तर्फ :**

नयाँ उद्यमी सिर्जना भन्नाले तोकिएको संख्यामा तपशिलमा उल्लेखित प्रक्रियाको माध्यमबाट तयार भएका लघु उद्यमी सम्झनु पर्दछ र उद्यमीहरु गणना गर्दा उद्यम सुरुवात गरीसकेको अवस्थालाई जनाउने छ । लक्षित नयाँ उद्यमी गर्दा कुल उद्यमीमध्ये स्थनीय तहको जनसंख्याको अनुपातमा महिला (एकल महिला समेत) ७०% जातियताको आधारमा दलित ३०% आदिबासी जनजाती ४०% उमेरको आधारमा युवा (१६ देखि ४० बर्ष) ६०% तथा जिल्लाको समग्र लक्षको ४०% मधेशी (मधेशी बसोबास भएका जिल्ला अर्न्तगत क्लष्टरमा) हुनुपर्नेछ । कुनै स्थानीय तहहरुमा गरिव परिवारहरुको अनुपात माथि उल्लेख लक्षीत प्रतिशत बमोजिम वर्ग तथा जातजाती नभएमा वा वर्गको अनुपात बढीछ सोही अनुरुप लक्ष निर्धारण गरी ८० जना नँया उद्यमी सृर्जना गर्नुपर्नेछ ।

**क) सिप विकास तालिम संचालन :** व्यवसाय सचेतता र शुरु तालिम लिएका सहभागीहरु मध्ये व्यावसायीक योजनाका आधारमा गरीवी निवारणका लागी उद्यम विकास कार्यक्रम संचालन निर्देशीका २०७७ को दफा ११ बमोजिमको प्राविधिक सिप विकास तालिम प्रदान गर्नुपर्नेछ । सिप विकास तालिम प्रदान गर्दा तालिमको पाठ्यक्रम र तालीम प्रशिक्षक उपलब्ध नभएको अवस्थामा उद्यम विकास समितिको निर्णय अनुसार हुनेछ । व्यवसाय विकास सेवा प्रदायक संस्थाहरुले तालिम संचालन गर्दा लामो, मध्यम र छोटो अवधिको तालिम तोकीएको अवधि भन्दा कम भएमा संचालित कार्यक्रमको अवधिको गणनागरी दामाशाहीको हिसाबले रकम भुक्तानी गरीनेछ । उदाहरण लामो अवधि भनि संचालन भएको तालीम ७० दिनमा सम्पन्न भएको पाइएमा प्रस्तावित सिप विकास तालिममा उल्लेख गरीएको रकमलाई ९० ले भाग गरी ७० ले गुणन गरी हुन आउने रकमलाई मान्यता दिइनेछ । सिप विकास तालिम प्रधान गरे पश्चात सहभागीहरुको सम्बन्धित तालिममा व्यवसाय गर्नका लागि निर्धारण गरीएको गुणस्तरमा सिप विकास भएको हुनुपर्नेछ ।

यस प्रकार लघु उद्यमी सृर्जनाका लागी सम्झौतामा दिइएको लक्ष अनुसार साझा सुविधा केन्द्र र स्व लगानी र लघु कर्जा मार्फत उद्यम संचालन गर्नेहरुको विवरण अध्यावधिक राख्ने । कर्जा लगानीको हकमा तोकीएका लघु उद्यमी सिर्जनाको लक्ष मध्ये ४० प्रतिशतले लघु कर्जा प्राप्त गरेको हुनुपर्नेछ । उद्यमीहरुलाई लघु कर्जा उपलब्ध गराएको प्रगती विवरण तथा उक्त प्रगती विवरणको पुष्टयाई हुने कागजातहरु समेत इलाम नगरपालिका मा पेश गर्नुपर्नेछ ।

**ख) तथ्याङ्क विवरण अद्यावधिक गर्ने :** व्यावसाय विकास सेवा प्रदायक संस्थाले उद्यमी सिर्जनाका लागि गरिएका हरेक क्रियाकलापहरुको विवरण अद्यावधिक गर्नका लागी कार्यक्रमले तयार गरेको Web Based GESIMIS Database System अनुसार कम्प्युटरमा विवरण प्रविष्ट गरी त्यसको सारांश प्रतिवेदन सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने छ । यसरी अद्यावधिक गरेको तथ्याङ्कको १ प्रति रकम भुक्तानी दिने कार्यालयलाई बुझाउनुपर्ने छ । GESIMIS Databasedमा देहायका ८ विवरणहरु प्रविष्ट नभएसम्म उद्यमी सिर्जना भएको नदेखिने हुँदा त्यसलाई विशेष ध्यान दिनुपर्नेछ ।

४.२) **उद्यमीको व्यवसाय स्तरोन्नती तर्फ :**

लघु उद्यम विकास कार्यक्रम (MEDEP) र गरिवी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम (MEDPA) बाट प्रवर्द्धन गरिएका लघु उद्यमीहरु मध्येबाट तोकिएको संख्यामा उद्यमी पहिचान गरी देहाय अनुसारका कार्यहरु गर्ने :

क) स्तरोन्नतिको लागि आवश्यकता पहिचान गर्ने ।

ख) आवश्यकता पहिचानको आधारमा स्तरवृद्धि वा पुनर्ताजगीका लागि सीप विकास तालिम सञ्चालन गर्ने ।

ग) उपयुक्त प्रविधिको पहिचान गरी उद्यमीलाई लागत साझेदारीमा कार्यक्रमको तर्फबाट ८० प्रतिशत उद्यमीको तर्फबाट २० प्रतिशत लागत सहभागितामा प्रविधि हस्तान्तरण गर्ने ।

घ) उत्पादित वस्तसको ब्राण्डिङ, प्याकेजिङ, पेटेन्ट, डिजाइन र ट्रेडमार्क दर्ता, बजार मेला, प्रदर्शनीमा सहभागिता तथा सफल उद्यमको स्थलगत अवलोकन भ्रमणको लागी सहयोग गर्ने ।

ङ) स्तरोन्नतिको लागि गरिएको सम्पुर्ण सक्रियाकलापहरुको तथ्याङ्क तथा गत ३ बर्ष भित्र मेडेप तथा मेडपा अन्तर्गत प्रबर्द्धन गरिएका लघु उद्यमीको तथ्याङ्क विवरण GESIMIS Databased Software मा अद्यावधिक गर्ने र त्यसको सारांश प्रतिवेदन सम्बन्धित कार्यालयमा अनिवार्य रुपमा पेश गर्ने ।

च) व्यवसाय विकास सेवा प्रदायक संस्थाले उल्लेखित क्रियाकलापहरु गर्दा सम्बन्धित स्थानीय तहलाई जानकारी दिई समन्वय गरी गर्नुपर्ने र संस्थाले सम्बन्धित निकायमा पेश गर्नुपर्ने प्रतिवेदन, तथ्याङ्क, नक्सा, सर्भे प्रतिवेदन लगायतको विवरण सम्झौतामा तोकिएको समयावधि भित्र पेश गरिसक्नु पर्नेछ ।

**नोटः** उद्यमीहरुको स्तरोन्नतिका लागि लैङ्गिक तथा सामाजिक समावेशीकरणको प्रतिशत नया उद्यमी सिर्जनाका लागि तोकिएको प्रतिशत लाई नै आधार लिनु पर्ने छ ।

४.३) **खर्चको सार्वजनिक सुनुवाईः** व्यावसाय विकास सेवा प्रदायक संस्थाले गरेका हरेक क्रियाकलापको सार्वजनिक सुनुवाई गरेको प्रतिवेदन अनिवार्य रुपमा सम्बन्धित इलाम नगरपालिका को कार्यालयमा पेश गर्नुपर्दछ ।

इलाम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इलाम जिल्ला, कोशी प्रदेश, नेपाल
२०७३

**५) व्यवसाय विकास सेवा प्रदायक संस्थाहरुबाट प्राप्त प्रस्तावहरु छनौट तथा मूल्यांकनका आधारहरुः**

५.१) व्यवसाय विकास सेवा प्रदायक संस्थाको अनुभव, क्षमता, जनशक्ति र न्यूनतम योग्यताः

**क) संस्थाको अनुभव, दर्ता तथा क्षमता** : लघु उद्यम वा व्यवसाय विकास वा व्यवसायिक सीप विकास वा गरिवी निवारणको क्षेत्रमा काम गरेको अनुभव भएको । कार्यक्रम संचालनका लागि सम्बन्धित जिल्ला सोही प्रदेशको भौगोलिक सिमाना जोडिएका जिल्ला तथा सम्बन्धित प्रदेशका अन्य जिल्लाका र अन्य प्रदेशका, जिल्लाका सेवा प्रदायक संस्थाहरुको आशयपत्र र प्रस्ताव उपर क्रमशःपहिलो ,दोस्रो र तेस्रो प्राथमिकताका आधारमा अङ्कभार निर्धारण गरी छनौट गरिनेछ । यसरी मुल्याङ्कन गर्दा अंक बराबर भएको खण्डमा उपरोक्त प्राथमिकता नै कायम गरिनेछ ।

**नोट :**

१) प्रस्तावित कर्मचारीको नियुक्ति, निजहरुले सेवा प्रदायक संस्थाहरुसंग काम गर्न गरेको प्रतिबद्धता निजको शैक्षिक योग्यता र तालिमको प्रमाण पत्रको प्रतिलिपी संलग्न हुनुपर्नेछ ।

२) गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ को दफा ११ अनुसार सेवा प्रदायक संस्थाले कार्यक्रम सञ्चालन गर्नुपर्ने छ ।

**६) प्रस्तावको ढाँचा :**

प्रस्तावको ढाँचा सम्बन्धित इलाम नगरपालिका बाट प्राप्त गर्न सकिने छ । उक्त ढाँचा गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ (संशोधन सहित) को अनुसुचि -५ प्राविधिक प्रस्ताव फारम र अनुसुचि -६ मा रहेको वित्तिय प्रस्ताव फारम बमोजिमको प्रस्ताव पेश गर्नुपर्नेछ ।

**७) प्रस्ताव पेश गर्ने तरिका :**

प्रस्ताव पेश गर्न आह्वान गरिए बमोजिम प्राविधिक प्रस्ताव र अर्थिक प्रस्तावलाई छुट्टाछुट्टै खाममा शिलबन्दी गरी खाम बाहिर नाम ठेगाना उल्लेख गरी कुन जिल्लाको लागि पेश गरिएको हो सो समेत खुलाई पेश गर्नुपर्नेछ ।

**८) जनशक्ति परिचालन :**

संस्थाले प्राविधिक प्रस्तावमा उल्लेख गरिएका जनशक्ति नै कार्यक्रम कार्यान्वयनको क्रममा अनिर्वाय रुपमा परिचालन गर्नुपर्नेछ । काबु भन्दा बाहिरको परिस्थितिमा जनशक्ति परिवर्तन गर्नुपरेमा कार्यालयको सहमतिमा समान वा सो भन्दा बढी स्तरका (तोकीएका शैक्षिक योग्यता तथा कार्या अनुभव) जनशक्ति परिचालन गर्न सकिने छ ।

एउटै जनशक्ति **दुई वा दुई भन्दा बढी** संस्थाले प्रस्ताव गर्न पाइने छैन । यदि एउटै जनशक्ति दुई वा दई भन्दा बढी संस्थाले पेश गरेको पाईएमा सम्बन्धित जनशक्तिलाई कुन संस्थामा निजले काम गर्न चहेको हो भनि पत्र वा इमेलबाट जानकारी गराइने छ । सम्बन्धित कर्मचारीले जुन संस्थामा कामगर्ने हो लिखित मञ्जुरी दिनुपर्ने छ । त्यसरी जानकारी माग गर्दा पनि लिखित जानकारी प्राप्त हुन नसकेमा त्यस्तो दोहोरीएको जनशक्तिको मुल्यांकन गरिने छौन ।

पुनश्च : जिल्लामा अन्तिम छनौटका बखत छनौटमा नपरेका व्यवसाय विकास सेवा प्रदायक संस्थाका जनशक्तिहरुले अन्तिम छनौटमा परेका व्यवसाय विकास सेवा प्रदायक संस्थाहरुमा रहि काम गर्न गराउन सकिनेछ ।

**९. प्रस्ताव मुल्यांकन गर्ने तरिका** :

प्रस्ताव मुल्यांकन गर्दा खरिद ऐन २०६३ र नियमवाली २०६४ बमोजिम प्राविधिक प्रस्तावको अंकभार ८० र आर्थिक प्रस्तावको न्यूनतम रकम प्रस्ताव गर्ने प्रस्तावहरुलाई २० अंक प्रदान गरीने छ । प्राविधिक र आर्थिक प्रस्तावको कुल अंकमा सबैभन्दा बढी अंक ल्याउने प्रस्तावकलाई छनौट गरीनेछ र दोस्रो र तेस्रो स्थान प्राप्त प्रस्तावकलाई क्रमशः बैकल्पीक सुचिमा राखिनेछ ।

**१०. विविध :**

यसमा उल्लेख नभएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ (संशोधन सहित) गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ र अन्य प्रचलित नेपालको कानुन बमोजिम हुनेछ ।

**११. व्यवसाय विकास सेवा प्रदायक संस्थाहरुले अनिर्वाय रुपमा पुरा गर्नुपर्ने पुर्व शर्तहरुः**

क) संस्थाको विधान वा प्रबन्धपत्र तथा नियमावलीमा उल्लेखित उद्देश्य अनुसार काम गर्न मान्यता प्राप्त संस्थाबाट विधिवत रुपमा दर्ता भई आशयपत्र पेश गर्ने अन्तीम मिति सम्ममा कम्तीमा दुई वर्ष पुरा गरी लघु उद्यम वा व्यवसाय विकास वा व्यवसायिक सपि विकास क्षेत्रमा काम गरेको अनुभव हुनुपर्नेछ ।

ख) संस्था विधिवत दर्ता भई अध्यावधिक नविकरण भएको हुनुपर्नेछ ।

ग) कार्यक्षेत्रगत शर्त (TOR) मा उल्लेख भएका जनशक्ति उपलब्ध हुनुपर्नेछ ।

घ) मुल्य अभिवृत्ति करमा दर्ता भएको हुनुपर्नेछ ।

ङ) आ.व. २०७८/०७९ को कर चुक्ता भएको हुनुपर्नेछ । कर छुटको दायरामा रहेका सेवा प्रदायक संस्थाले कर छुटको प्रमाण पत्र राख्नुपर्नेछ ।

च) सार्वजनिक कार्य नपाउने गरी संस्था कालो सुचिमा नपरेका स्वः घोषणपत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

इलाम नगरपालिका नगर कार्यपालिकाको कार्यालय इलाम जिल्ला, कोशी प्रदेश, नेपाल २०७३

छ) प्राविधिक र आर्थिक प्रस्ताव गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ को अनुसुचि ५ र अनुसुचि ६ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नुपर्नेछ ।

माथि (छ) मा उल्लेखित दुवै प्रस्ताव छुट्टाछुट्टै खाममा शिलबन्दि गरी प्रस्तावको नाम, ठेगाना र प्रस्ताव गरिएको जिल्ला समेत उल्लेख गरिएको हुनुपर्नेछ ।

**१२) व्यवसाय विकास सेवा प्रदायक संस्थाहरु छनौट तथा मुल्याङ्कनका आधार देहाय बमोजिमको हुनेछ :**

**प्राविधिक प्रस्ताव मुल्यांकनका आधार : (प्राविधिक प्रस्तावका लागी : ८० अंक)**

क) प्रस्तावदाताको खास कामको अनुभव (२५ अंक)

ख) कार्यसम्पादन गर्ने तरिका र कार्य क्षेत्रगत शर्त प्रतिको प्रभावग्राहिता (२० अंक)

ग) मुख्य मुख्य जनशक्तिको योग्यता तथा अनुभव (५० अंक)

| मुख्य-मुख्य जनशक्तिको योग्यता र अनुभव – ५० अंक | | ५० |
|---|---|---|
| १ | <u>जनशक्ति</u> | |
| १.१ | <u>कार्यक्रम संयोजक : १ जना</u> | ७ |
| | कुनै पनि बिषयमा स्नातकोत्तर उर्तीण गरी लघु उद्यम वा व्यबसाय विकास वा व्यबसायिक सिप विकास क्षेत्रमा योजना, संयोजन, निर्देशन, अनुगमन र निरीक्षण जस्ता कृयाकलापमा ३ बर्ष भन्दा बढि को अनुभव भएमा (१०० प्रतिशत) | |
| | कुनै बिषयमा स्नातकोत्तर उर्तीण गरी लघु उद्यम वा व्यबसाय विकास वा व्यबसायिक सिप विकास क्षेत्रमा योजना, संयोजन, निर्देशन, अनुगमन र निरीक्षण जस्ता कृयाकलापमा १ देखि ३ बर्षको अनुभव भएमा (८० प्रतिशत) | |
| | कुनै बिषयमा स्नातकोत्तर मात्र उर्तीण गरेको र १ वर्ष सम्म मात्र अनुभव भएमा (० प्रतिशत) | |
| १.२ | <u>सहजकर्ता (प्रशिक्षक) : ब्युटिपार्लर १ जना</u> | ५ |
| | सम्बन्धित विषयमा प्रमाणपत्र तह उर्तीण/सम्बन्धित विषयमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदमा प्रशिक्षक वा सहजकर्ताको तह ३ उर्तीण गरि ३ वर्ष वा सो भन्दा बढिको अनुभव भएमा (१०० प्रतिशत) | |
| | सम्बन्धित विषयमा प्रमाणपत्र तह उर्तीण/सम्बन्धित विषयमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदमा प्रशिक्षक वा सहजकर्ताको तह ३ उर्तीण गरि १ देखि ३ वर्ष सम्मको अनुभव भएमा (८० प्रतिशत) | |
| | सम्बन्धित विषयमा प्राविधिक एस.एल.सि. उर्तीण/सम्बन्धित विषयमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदमा प्रशिक्षक वा सहजकर्ताको तह २ उर्तीण गरि ५ वर्ष वा सो भन्दा बढिको अनुभव भएमा (७० प्रतिशत) | |
| | सम्बन्धित विषयमा प्राविधिक एस.एल.सि. उर्तीण/सम्बन्धित विषयमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदमा प्रशिक्षक वा सहजकर्ताको तह २ उर्तीण गरि १ देखि ५ वर्ष सम्मको अनुभव भएमा (६० प्रतिशत) | |
| १.३ | <u>सहजकर्ता (प्रशिक्षक) : सिलाई कटाई १ जना</u> | ५ |
| | सम्बन्धित विषयमा प्रमाणपत्र तह उर्तीण/सम्बन्धित विषयमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदमा प्रशिक्षक वा सहजकर्ताको तह ३ उर्तीण गरि ३ वर्ष वा सो भन्दा बढिको अनुभव भएमा (१०० प्रतिशत) | |
| | सम्बन्धित विषयमा प्रमाणपत्र तह उर्तीण/सम्बन्धित विषयमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदमा प्रशिक्षक वा सहजकर्ताको तह ३ उर्तीण गरि १ देखि ३ वर्ष सम्मको अनुभव भएमा (८० प्रतिशत) | |
| | सम्बन्धित विषयमा प्राविधिक एस.एल.सि. उर्तीण/सम्बन्धित विषयमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदमा प्रशिक्षक वा सहजकर्ताको तह २ उर्तीण गरि ५ वर्ष वा सो भन्दा बढिको अनुभव भएमा (७० प्रतिशत) | |
| | सम्बन्धित विषयमा प्राविधिक एस.एल.सि. उर्तीण/सम्बन्धित विषयमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदमा प्रशिक्षक वा सहजकर्ताको तह २ उर्तीण गरि १ देखि ५ वर्ष सम्मको अनुभव भएमा (६० प्रतिशत) | |
| १.४ | <u>सहजकर्ता (प्रशिक्षक) : पशुपालन १ जना</u> | ४ |
| | सम्बन्धित विषयमा प्रमाणपत्र तह उर्तीण/सम्बन्धित विषयमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदमा | |

| | | |
|---|---|---|
| | प्रशिक्षक वा सहजकर्ताको तह ३ उर्तीण गरि ३ वर्ष वा सो भन्दा बढिको अनुभव भएमा (१०० प्रतिशत) | |
| | सम्बन्धित विषयमा प्रमाणपत्र तह उर्तीण/सम्बन्धित विषयमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदमा प्रशिक्षक वा सहजकर्ताको तह ३ उर्तीण गरि १ देखि ३ वर्ष सम्मको अनुभव भएमा (८० प्रतिशत) | |
| | सम्बन्धित विषयमा प्राविधिक एस.एल.सि. उर्तीण/सम्बन्धित विषयमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदमा प्रशिक्षक वा सहजकर्ताको तह २ उर्तीण गरि ५ वर्ष वा सो भन्दा बढिको अनुभव भएमा (७० प्रतिशत) | |
| | सम्बन्धित विषयमा प्राविधिक एस.एल.सि. उर्तीण/सम्बन्धित विषयमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदमा प्रशिक्षक वा सहजकर्ताको तह २ उर्तीण गरि १ देखि ५ वर्ष सम्मको अनुभव भएमा (६० प्रतिशत) | |
| १.५ | **सहजकर्ता (प्रशिक्षक) : तरकारी खेती १ जना** | ४ |
| | सम्बन्धित विषयमा प्रमाणपत्र तह उर्तीण/सम्बन्धित विषयमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदमा प्रशिक्षक वा सहजकर्ताको तह ३ उर्तीण गरि ३ वर्ष वा सो भन्दा बढिको अनुभव भएमा (१०० प्रतिशत) | |
| | सम्बन्धित विषयमा प्रमाणपत्र तह उर्तीण/सम्बन्धित विषयमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदमा प्रशिक्षक वा सहजकर्ताको तह ३ उर्तीण गरि १ देखि ३ वर्ष सम्मको अनुभव भएमा (८० प्रतिशत) | |
| | सम्बन्धित विषयमा प्राविधिक एस.एल.सि. उर्तीण/सम्बन्धित विषयमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदमा प्रशिक्षक वा सहजकर्ताको तह २ उर्तीण गरि ५ वर्ष वा सो भन्दा बढिको अनुभव भएमा (७० प्रतिशत) | |
| | सम्बन्धित विषयमा प्राविधिक एस.एल.सि. उर्तीण/सम्बन्धित विषयमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदमा प्रशिक्षक वा सहजकर्ताको तह २ उर्तीण गरि १ देखि ५ वर्ष सम्मको अनुभव भएमा (६० प्रतिशत) | |
| १.६ | **सहजकर्ता (प्रशिक्षक) : मौरीपालन १ जना** | ४ |
| | सम्बन्धित विषयमा प्रमाणपत्र तह उर्तीण/सम्बन्धित विषयमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदमा प्रशिक्षक वा सहजकर्ताको तह ३ उर्तीण गरि ३ वर्ष वा सो भन्दा बढिको अनुभव भएमा (१०० प्रतिशत) | |
| | सम्बन्धित विषयमा प्रमाणपत्र तह उर्तीण/सम्बन्धित विषयमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदमा प्रशिक्षक वा सहजकर्ताको तह ३ उर्तीण गरि १ देखि ३ वर्ष सम्मको अनुभव भएमा (८० प्रतिशत) | |
| | सम्बन्धित विषयमा प्राविधिक एस.एल.सि. उर्तीण/सम्बन्धित विषयमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदमा प्रशिक्षक वा सहजकर्ताको तह २ उर्तीण गरि ५ वर्ष वा सो भन्दा बढिको अनुभव भएमा (७० प्रतिशत) | |
| | सम्बन्धित विषयमा प्राविधिक एस.एल.सि. उर्तीण/सम्बन्धित विषयमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदमा प्रशिक्षक वा सहजकर्ताको तह २ उर्तीण गरि १ देखि ५ वर्ष सम्मको अनुभव भएमा (६० प्रतिशत) | |
| १.७ | **सहजकर्ता (प्रशिक्षक) : कुक १ जना** | ४ |
| | सम्बन्धित विषयमा प्रमाणपत्र तह उर्तीण/सम्बन्धित विषयमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदमा प्रशिक्षक वा सहजकर्ताको तह ३ उर्तीण गरि ३ वर्ष वा सो भन्दा बढिको अनुभव भएमा (१०० प्रतिशत) | |
| | सम्बन्धित विषयमा प्रमाणपत्र तह उर्तीण/सम्बन्धित विषयमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदमा प्रशिक्षक वा सहजकर्ताको तह ३ उर्तीण गरि १ देखि ३ वर्ष सम्मको अनुभव भएमा (८० प्रतिशत) | |
| | सम्बन्धित विषयमा प्राविधिक एस.एल.सि. उर्तीण/सम्बन्धित विषयमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदमा प्रशिक्षक वा सहजकर्ताको तह २ उर्तीण गरि ५ वर्ष वा सो भन्दा बढिको अनुभव भएमा (७० प्रतिशत) | |
| | सम्बन्धित विषयमा प्राविधिक एस.एल.सि. उर्तीण/सम्बन्धित विषयमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदमा प्रशिक्षक वा सहजकर्ताको तह २ उर्तीण गरि १ देखि ५ वर्ष सम्मको अनुभव भएमा (६० प्रतिशत) | |
| १.८ | **सहजकर्ता (प्रशिक्षक) : झोला बनाउने १ जना** | ४ |
| | कुनै पनि विषयमा एस.एल.सि./प्राविधिक एस.एल.सि उर्तीण/सम्बन्धित विषयमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदमा प्रशिक्षक वा सहजकर्ताको तह २ उर्तीण गरि १ वर्ष वा सो भन्दा बढिको अनुभव भएमा (१०० प्रतिशत) | |

इलाम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इलाम जिल्ला, कोशी प्रदेश, नेपाल
२०७२

| | | |
|---|---|---|
| | कुनै पनि विषयमा एस.एल.सि./प्राविधिक एस.एल.सि उर्तीण/सम्बन्धित विषयमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदमा प्रशिक्षक वा सहजकर्ताको तह २ उर्तीण गरि ३० दिन देखि १ वर्ष सम्मको अनुभव भएमा (८० प्रतिशत) | |
| | सम्बन्धित विषयमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदमा प्रशिक्षक वा सहजकर्ताको तह १ उर्तीण गरि ३० दिन देखि १ वर्ष सम्मको अनुभव भएमा (७० प्रतिशत) | |
| | झोला बनाउने सम्बन्धि कम्तीमा ३० दिनको तालिम लिएको/दिएको अनुभव भएमा (६० प्रतिशत) | |
| १.९ | **सहजकर्ता (प्रशिक्षक)** : डल कुशन १ जना | ४ |
| | कुनै पनि विषयमा एस.एल.सि./प्राविधिक एस.एल.सि उर्तीण/सम्बन्धित विषयमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदमा प्रशिक्षक वा सहजकर्ताको तह २ उर्तीण गरि १ वर्ष वा सो भन्दा बढिको अनुभव भएमा (१०० प्रतिशत) | |
| | कुनै पनि विषयमा एस.एल.सि./प्राविधिक एस.एल.सि उर्तीण/सम्बन्धित विषयमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदमा प्रशिक्षक वा सहजकर्ताको तह २ उर्तीण गरि ३० दिन देखि १ वर्ष सम्मको अनुभव भएमा (८० प्रतिशत) | |
| | सम्बन्धित विषयमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदमा प्रशिक्षक वा सहजकर्ताको तह १ उर्तीण गरि ३० दिन देखि १ वर्ष सम्मको अनुभव भएमा (७० प्रतिशत) | |
| | डल कुशन सम्बन्धि कम्तीमा ३० दिनको तालिम लिएको/दिएको अनुभव भएमा (६० प्रतिशत) | |
| १.१० | **सहजकर्ता (प्रशिक्षक)** : अचार बनाउने १ जना | ३ |
| | कुनै पनि विषयमा एस.एल.सि./प्राविधिक एस.एल.सि उर्तीण/सम्बन्धित विषयमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदमा प्रशिक्षक वा सहजकर्ताको तह २ उर्तीण गरि १ वर्ष वा सो भन्दा बढिको अनुभव भएमा (१०० प्रतिशत) | |
| | कुनै पनि विषयमा एस.एल.सि./प्राविधिक एस.एल.सि उर्तीण/सम्बन्धित विषयमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदमा प्रशिक्षक वा सहजकर्ताको तह २ उर्तीण गरि १५ दिन देखि १ वर्ष सम्मको अनुभव भएमा (८० प्रतिशत) | |
| | सम्बन्धित विषयमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदमा प्रशिक्षक वा सहजकर्ताको तह १ उर्तीण गरी १ वर्ष वा सो भन्दा बढिको अनुभव भएमा (७० प्रतिशत) | |
| | १५ दिन सम्मको अचार बनाउने तालिम लिएको/दिएको (६० प्रतिशत) | |
| १.११ | **उद्यम विकास सहजकर्ता : १ जना** | ६ |
| | सम्बन्धित विषयमा प्रमाणपत्र तह उर्तीण गरि ३ वर्ष वा सो भन्दा बढिको अनुभव भएमा/सम्बन्धित विषयमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदमा उद्यम विकास सहजकर्ताको तह ३ उर्तीण गरि ३ वर्ष वा सो भन्दा बढिको अनुभव भएमा (१०० प्रतिशत) | |
| | सम्बन्धित विषयमा प्रमाणपत्र तह उर्तीण गरि १ देखि ३ वर्ष सम्मको अनुभव भएमा/सम्बन्धित विषयमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदमा उद्यम विकास सहजकर्ताको तह ३ उर्तीण गरि १ देखि ३ वर्ष सम्मको अनुभव भएमा (८० प्रतिशत) | |
| | सम्बन्धित विषयमा प्राविधिक एस.एल.सि. उर्तीण गरि ५ वर्ष वा सो भन्दा बढिको अनुभव भएमा/सम्बन्धित विषयमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदमा उद्यम विकास सहजकर्ताको तह २ उर्तीण गरि ५ वर्ष वा सो भन्दा बढिको अनुभव भएमा (७० प्रतिशत) | |
| | सम्बन्धित विषयमा प्राविधिक एस.एल.सि. उर्तीण गरि १ देखि ५ वर्ष सम्मको अनुभव भएमा/सम्बन्धित विषयमा | |

इलाम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इलाम जिल्ला, कोशी प्रदेश, नेपाल
२०७३

| | | |
|---|---|---|
| | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदमा उद्यम विकास सहजकर्ताको तह २ उर्तीण गरि १ देखि ५ वर्ष सम्मको अनुभव भएमा (६० प्रतिशत) | |
| **घ** | **प्रबिधि हस्तान्तरण वा तालिम – ५ अंक** | ५ |
| | इलाम नगरपालिकामा विगतमा सीप विकास तालिम संञ्चालन गरी तालिम तथा प्रविधि हस्तान्तरण गरेको भएमा (अनुभव प्रमाणपत्र तथा सम्झौताका आधारमा) (१०० प्रतिशत) | |
| | इलाम नगरपालिका बाहेक इलाम जिल्लाका अन्य स्थानीय तहहरुमा विगतमा सीप विकास तालिम संञ्चालन गरी तालिम तथा प्रविधि हस्तान्तरण गरेको भएमा (अनुभव प्रमाणपत्र तथा सम्झौताका आधारमा) (८० प्रतिशत) | |
| | इलाम जिल्ला बाहेक अन्य जिल्लाका स्थानीय तहहरुमा विगतमा सीप विकास तालिम संञ्चालन गरी तालिम तथा प्रविधि हस्तान्तरण गरेको भएमा (अनुभव प्रमाणपत्र तथा सम्झौताका आधारमा) (६० प्रतिशत) | |
| | **जम्मा अंकभार :** | १०० |

प्राविधिक प्रस्तावमा उर्तिणांक : ६० अंक (१०० पुर्णाङ्क)

**आर्थिक प्रस्ताव मुल्याङ्कका आधारहरु : (आर्थिक प्रस्तावका लागी : २० अंक)**

**प्रस्तावदाताको छनौट** : (१) प्रस्तावदाताको छनौट गर्न गुणस्तर र लागत विधि अनुसार मुल्यांकन समितीले देहाय बमोजिम प्राविधिक र आर्थिक प्रस्ताव मुल्यांकन गरि सफल प्रस्तावदाताको छनौट गर्नु पर्नेछ :

क) मुल्यांकन गरिने प्रस्तावदाताको प्राविधिक प्रस्तावको प्राप्त अंकलाई प्राविधिक प्रस्तावको लागि छुट्याएको अंकभारले गुणन गरि प्राप्त गुणनफललाई १०० ले भाग गर्दा आउने भागफलको अंक प्राविधिक प्रस्तावको खुद प्राप्त अंक हुनेछ ।

ख) प्राविधिक प्रस्तावको मुल्यांकन बाट सफल भएका प्रस्तावहरु मध्ये सबैभन्दा घटि कबोल अंकलाई आर्थिक प्रस्तावको लागि छुट्याएको अंकभारले गुणन गरि प्राप्त गुणनफललाई मुल्यांकन गरिने प्रस्तावदाताको कबोल अंकले भाग गर्दा आउने भागफलको अंक आर्थिक प्रस्तावको खुद प्राप्त अंक हुनेछ ।

ग) प्राविधिक प्रस्ताव र आर्थिक प्रस्तावको खुद प्राप्त अंक जोडि सयुक्त मुल्यांकन गर्दा सबैभन्दा बढि अंक पाउने प्रस्तावदाता सफल हुने हुदा निजलाई छनौट गर्नु पर्नेछ ।

इलाम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इलाम जिल्ला, कोशी प्रदेश, नेपाल
२०७२